बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
# प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय
प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा

काठमाडौं उपत्यका (सानेपा, ललितपुर),नेपाल।
registrar.mocpa@bagamati.gov.np

पत्र संख्याः २०८३/८४
चलानी नं. 869

मितिः २०८३।०५।२४

विषयः निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री बचत तथा ऋणको कारोबार गर्ने प्रदेश र जिल्लास्तरीय संघहरू सबै,
बागमती प्रदेश।

प्रस्तुत विषयमा सहकारी रजिष्ट्रारको कार्यालय,नयाँ बानेश्वर, काठमाडौंको च.नं. २०५, मिति २०८३।०५।०५ को पत्रबाट सहकारी ऐन, २०७४(संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लगी बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरूलाई भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०५/०४ को निर्णयानुसार जारी भएको निर्देशनको कार्यान्वयन गर्नको लागि लेखी आएको आएको हुँदा सोही बमोजिम निर्देशनको कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ। पुनश्चः सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी निर्देशन पत्र यसै साथ संलग्न रहेको छ।

............................
(राम प्रसाद गजुरेल)
शाखा अधिकृत

**बोधार्थः**
श्री आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, मकवानपुर, हेटौंडा ।
श्री सहकारी रजिष्ट्रारको कार्यालय,नयाँ बानेश्वर, काठमाडौं।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सहकारी रजिष्ट्रारको कार्यालय**
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८३/८४
चलानी नं. : २०५

मितिः २०८३/०५/०५
ने.सं. ११४६

**विषयः- जानकारी सम्बन्धमा।**

**श्री प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय,**
**सानेपा, ललितपुर, बागमती प्रदेश ।**

सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ५० को उपदफा (९) को व्यवस्था कार्यान्वयनका लागि बचत तथा ऋणको कारोबार गरिरहेका जिल्ला, प्रदेश र केन्द्रीयस्तरका सहकारी संघहरूलाई भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०५/०४ को निर्णयानुसार देहाय बमोजिमको निर्देशन जारी गरिएको हुँदा सोही बमोजिम तहाँको नियमन क्षेत्राधिकारभित्रका  जिल्ला र प्रदेश संघहरुलाई निर्देशन गर्ने कार्यमा सहजीकरण गरिदिनु हुन अनुरोध छ।

**देहायः**

१. वित्तीय जोखिम सिर्जना हुने गरी सहकारी संघहरूले कुनै पनि नयाँ बचत संकलन र नयाँ ऋण प्रवाह नगर्ने,
२. संघहरूमा हाल रहेको बचत तथा प्रवाह भएको ऋणमा जोखिम उत्पन्न नहुने गरी तीन वर्षभित्र हिसाब राफसाफ गर्नेगरी आफ्ना सदस्य संस्थाहरूको बचत फिर्ता तथा ऋण असुलीको स्पष्ट तालिका तयार गरी सार्वजनिक गर्ने र सोको विवरण सम्बन्धित नियामक निकायमा दिने,
३. चालु आ.व.को पौष मसान्तभित्र अनिवार्य रुपमा सम्पत्ति र दायित्व यकिन हुने गरी लेखापरीक्षण र साधारण सभा सम्पन्न गरी चालु आ.व. भित्र सहकारी बैंक गठन वा एकीकरणमध्ये कुन विकल्प चयन गर्ने हो, सो सम्बन्धी स्पष्ट रणनीतिक कार्ययोजना बनाई सञ्चालक समितिको निर्णय र साधारण सभाको स्वीकृतिसहित सहकारी रजिष्ट्रारको कार्यालय तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा पेश गर्ने,
४. सहकारी बैंक गठन वा एकीकरणमा जाने संघहरूले सहकारी ऐन, नियम, निर्देशिका तथा नेपाल राष्ट्र बैंक तथा प्राधिकरणले तोकेको मापदण्ड र प्रक्रिया पूरा गरी प्रारम्भिक आपसी सम्झौता (MOU) तथा विस्तृत प्रतिवेदन तयार गरी सहकारी रजिष्ट्रारको कार्यालय तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा पेश गर्ने,
५. बुँदा नं. ४ बमोजिमको कार्यको लागि बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघहरूले मातहत संघहरूलाई समन्वय र सहजिकरण गर्ने। यसका लागि सम्बन्धित केन्द्रीय संघहरूले प्रदेश संघहरूलाई, प्रदेश संघहरूले जिल्ला सहकारी संघहरूलाई र फरक विषयगत सहकारी संघहरू भएमा राष्ट्रिय सहकारी महासंघले समन्वय र सहजीकरण गर्ने,
६. कानुनी व्यवस्था बमोजिम प्रक्रियाको नियमित अनुगमन राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट हुने हुँदा प्राधिकरणले माग गरेका सम्पूर्ण वित्तीय विवरण, प्रतिवेदन तथा विवरणहरू समयमै उपलब्ध गराउने,
७. सबै सहकारी संघहरूले सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको पालना, सहकारी व्यवसायको विकास, प्रवर्धन, बजारीकरण, सहकारी शिक्षा, तालिम, सहकारीहरूबीच पारस्परिक सहयोग, आफ्ना सदस्य संस्थाको अनुगमन र नीतिगत पैरवीमा केन्द्रित गरी सहकारी क्षेत्रमा सुशासन कायम गराउन सहयोग पुऱ्याउने।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय
काठमाडौं उपत्यका (सानेपा, ललितपुर), नेपाल
मूल दर्ता छाप
च. नं:
मूल दर्ता नं: ५७९
मिति : २०८३/०५/२२
दर्ता अधिकारी:

..............................
(बाबुराम गौतम)
रजिष्ट्रार

**सादर अवगतार्थ**

**आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय,**
**हेटौंडा, बागमती प्रदेश ।**

फोन नं. ४५६५३६५ Email: info@deoc.gov.np Website: www.deoc.gov.np